# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः १०, श्रावण ७ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## व्यास नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति २०७७।४।७

**प्रस्तावनाः** भौतिक संरचनाको पूर्वाधार निर्माण नै विकासको मुल आधार मुल आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि खानेपानी, सडक, सिचाई, भवन जस्ता पूर्वाधारहरुले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । भौतिक संरचनाको निर्माण पश्चात् त्यसको उपभोगलाई निरन्तर कायम राख्नको लागि मर्मत गर्नुपर्ने जरुरी हुन्छ । तसर्थ सडक, खानेपानी, विद्युत, सिंचाई, भवन जस्ता भौतिक पूर्वाधारहरुको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "व्यास नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७७" रहने छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले मर्मत सम्भार कोष संचालन कार्यविधि २०७७ सम्झनुपर्छ ।
(ख) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।
(ग) "नगर प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।
(घ) "नगर उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ङ) “उपभोक्ता समिति” भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना सञ्चालन गर्न बनेको संस्था सम्झनुपर्छ ।

३. **व्यवस्थापन समितिः** (१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष वयवस्थापन समिति रहनेछः

(क) नगर प्रमुख -अध्यक्ष
(ख) नगर उपप्रमुख -सदस्य
(ख) पूर्वाधार विकास समितिको संयोजक -सदस्य
(ग) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक -सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ङ) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला सदस्य
(च) शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक कम्तिमा दुई पटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

(३) बैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिने छ ।

४. **मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्यः** मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः

(क) मर्मत सम्भार सम्बन्धी वार्षिक कार्यक्रम तयार गरी स्वीकृतिको लागि नगर कार्यपालिका मार्फत नगर सभामा पेश गर्ने,
(ख) स्वीकृत वार्षिक कार्यक्रम/योजना बमोजिम लागत इष्टिमेट तयार गरी निर्माण र मर्मत कार्यको अन्य प्रक्रिया अगाडि बढाउने,
(ग) मर्मत सम्भार सम्बन्धी कार्यको अनुगमन तथा गुणस्तर नियन्त्रण चेकजाँच गर्ने गराउने,
(घ) मर्मत सम्भार सम्बन्धी कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति विवरण तयार गर्ने,
(ङ) कार्यक्रममा नपरेका तर विशेष कारणबाट कुनै योजना मर्मत सम्भार गर्नु परेमा सोही व्यहोरा खुलाई लागत इष्टिमेट तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्ने,
(च) विपद परी अकस्मात कुनै आयोजना मर्मत सम्भार गर्नु परेमा लागत इष्टिमेट तयार गरी नगर कार्यपालिका समक्ष आवश्यक थप बजेट स्वीकृतिका लागि पेश गर्ने,
(छ) मर्मत सम्भार सम्बन्धी वेरुजु फछ्र्यौट एवं वेरुजु न्यूनीकरण गर्ने गराउने,
(ज) टोल तथा वडाबाट आएका मर्मत सम्बन्धी मागहरुलाई सूचीकृत गरी प्राथमिकीकरण गर्ने,
(झ) नगरपालकाको भौतिक सम्पत्तिको संरक्षण गर्ने गराउने ।

५. **कोष स्थापनाः** मर्मत सम्भार कोषको नाममा एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम

(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम
(ग) नगर सभाबाट विनियोजित भएको रकम
(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम
(ङ) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको २.५% ले हुन आउने रकम ।
(च) ऋणबाट प्राप्त हुने रकम
(छ) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम
(ज) विविध

६. **कोष सञ्चालनः** (१) कोषको नाममा प्राप्त हुन आएको रकम व्यास नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाता नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र वित्तीय व्यवस्थापन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ ।

(४) कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

७. **कोषको खर्च प्रणालीः** मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार विकासको मर्मत सम्भारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धी कार्यमा मात्र खर्च गरिनेछ
(क) सडक, कल्भर्ट, पूल, ढल आदिको मर्मत सम्भार सम्बन्धी कार्य,
(ख) सिंचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत सम्भार सम्बन्धी कार्य,
(ग) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य,
(घ) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत सम्भार सम्बन्धी कार्य

८. **मर्मत सम्भारको लागि छनौटको मापदण्डः** उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकीकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नुपर्नेछ ।
(क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु
(ख) नगर यातायात गरुयोजना MTMP मा परेका सडकहरु
(ग) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा
(घ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा
(ङ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा
(च) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकताको आधारमा
(छ) दुई वा दुई भन्दा बढी स्थानीय तहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भर्ट, कुलो पैनी, बाँध आदी ।

९. **मर्मत सम्भार गर्ने कार्यको लागत इष्टिमेट गराउनुपर्नेः** (१) व्यास नगरपालिका भित्रका पूर्वाधारहरुको मर्मत सम्भार गर्नुपर्ने देखिएमा सम्बन्धित वडा प्राविधिक मार्फत योजना शहरी पूर्वाधार तथा प्राविधिक शाखाले लागत इष्टिमेट गराउनुपर्नेछ ।

१०. **<u>मर्मत सम्भार कार्य गराउने व्यवस्थाः</u>** नगर भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ ।

११. **<u>संशोधन वा खारेजीः</u>** (१) मर्मत सम्भार कोष संचालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा नगर कार्यपालिकाबाट हुनेछ ।

(२) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(३) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित अन्य कानुनसँग बाझिएको हदसम्म यसमा लेखिएको प्रावधान स्वतः निष्कृय हुनेछ ।

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत